संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-४१
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ०२:३४ बजे*

२०८० असोज १८ गते, बिहीवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको एकचालिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **"शून्य समय"**मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयोः

**माननीय उदयबहादुर बोहरा**ले दशैं तिहार छठ पर्व नजिकिँदै गर्दा बजारमा बस्तुको कृत्रिम अभाव र अस्वाभाविक मूल्य बृद्धिले आम उपभोक्ता मारमा परेको र चर्को मूल्य तिरेर पनि अखाद्य वस्तुको उपभोग गर्नुपरिरहेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय कृष्णप्रसाद पौडेल**ले बझाङ जिल्लामा गएको भूकम्पको कारण भएको मानवीय क्षतीप्रति दुख व्यक्त गर्दै प्रभावितको उचित व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"शून्य समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **"विशेष समय"** मा बोल्नका लागि दलीय आधारमा देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय विना पोखरेल**ले भ्रष्ट्राचारको ऐतिहासिक पृष्ठभूमीको बारेमा चर्चा गर्दै गणतन्त्रको प्राप्तिपछि पनि भ्रष्ट्राचारले निरन्तरता पाएको बताउनुभयो। उहाँले वर्तमान सरकारले भ्रष्ट्राचारको विरुद्ध चलाएको कदमको दृढतापुर्वक समर्थन गर्नुहुँदै सरकारलाई धन्यवाद दिनुभयो। ट्रान्परेन्सी इन्टरनेशनलको प्रतिवेदन अनुसार नेपालको भ्रष्ट्राचार नियन्त्रणको अवस्था कमजोर रहेको धारणा व्यक्त गर्दै नेपालले भ्रष्ट्राचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरेको घोषणा गरेपनि नतिजामा नदेखिएको बताउनुभयो। उहाँले राजनीति र समाजले पनि भ्रष्ट्राचारलाई प्रश्रय दिएको बताउनुभयो। सरकार भ्रष्ट्राचार नियन्त्रणमा सक्षम बनोस् भन्ने कामना पनि गर्नुभयो।

**माननीय कुमार दसौदी**ले दशैंको मुखमा महङ्गी बढेसँगै जनता महङ्गीको मारमा परेको तर सरकारले त्यसतर्फ ध्यान केन्द्रित गर्न नसकेको बताउनुभयो। चार वर्ष अगाडि चार प्रतिशत रहेको महङ्गी अहिले आठ प्रतिशत पुगेको बताउनुभयो। कोशी प्रदेशको नामाकरणका वेला सत्ताधारी दलको कारणले नै पहिचानको आवाज उठेको र उक्त विषयले साम्प्रदायिक सोच विकास गरी देशव्यापी बन्दै नेपालगञ्ज सम्म पुगेको बताउनुभयो। उहाँले सरकार जनताप्रति उत्तरदायी बन्नुपर्ने बताउनुभयो।

**माननीय युवराज शर्मा**ले सरकारले विधेयक ल्याउँदा र संसदमा पेश गर्दैगर्दा विशेष ध्यान दिनुपर्ने बताउनुभयो। शिक्षा विधेयकको विरोध शिक्षकहरूले नै गर्नुपर्ने अवस्था आएको, कानूनको आफुखुसी व्याख्या हुने र अदालतको बोझिल प्रकृया मार्फत फैसला गर्ने तर सरकारले विशेष अवसर पारेर अपराधीलाई आम

माफी दिने परिपाटी रहेको र अपराधी छुटेर पुनःअपराध गरे को जिम्मेवार हुने भनी प्रश्न गर्नुभयो। भान्छाको महङ्गी भन्दा पनि शिक्षा र स्वास्थ्यका क्षेत्रमा बढेको महङ्गीले जनतालाई बढि असर पारेको बताउनुभयो।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले सरकारले खानेपानीको महशुलमा पचास प्रतिशत छुट दिएकोमा सरकारलाई धन्यवाद दिनुभयो। निजामति सेवा ऐन समयमा नबन्दा स्थानीय तहमा सेवा प्रवाह गर्नका लागि समस्या भएको बताउनुहुँदै यसको समाधानका लागि सरकारले ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो। उहाँले यातायात व्यवस्थापन र महङ्गी व्यवस्थापनमा सरकारले ध्यान दिनुपर्ने पनि बताउनुभयो।

**माननीय विमला राई पौड्याल**ले २०७२ सालमा चेतन मानन्धर भन्ने व्यक्तिको हत्यामा तीनवटै अदालतबाट दोषी ठहर भई बिस वर्षको सजाय पाएको व्यक्ति आठ वर्ष नपुग्दै सरकारबाट आम माफी पाएर थुना मुक्त भएको बताउनुभयो। यसको मापदण्ड के हो र के के भयो भने आममाफी दिइन्छ भनी प्रश्न गर्नुभयो। यस्तो निर्णय सरकारले कसरी र कसको आदेशमा दिनुपर्‍यो यसको जवाफ सरकारले संसदलाई दिनुपर्ने बताउनुभयो।

**माननीय हरि राम चौधरी**ले बझाङमा गएको भुकम्पको क्षेती पुगेकोले व्यवस्थापनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। प्रत्यायोजित व्यवस्थापन र सरकारी आश्वासन समितिको तर्फबाट गरिएको अनुगमनका क्रममा हुलाकी सडक अन्तर्गतको ३८ नम्बर पिल्लरमा हुलाकी सडक निर्माणमा भारतीय अवरोध रहेको बताउनुहुँदै यसको सरकारले अवरोध खुलाउन पहल गर्नुपर्ने बताउनुभयो। आर्थिक संकटको कारण १८ हजार भन्दा बढी व्यवसायी कालोसुचीमा परेको देखिएकोले यो समस्या समाधानका लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

**माननीय गोमा देवी तिमल्सिना**ले चाडपर्वसँगै महङ्गी र सुरक्षाको विषय पनि गम्भीर रुपमा अघि बढिरहेको र शान्ति सुरक्षाको लागि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। महङ्गीको नियन्त्रणका लागि सरकारले काम गर्नुपर्ने बताउनुभयो। यातायातको सही व्यवस्थापन हुन नसक्दा पनि जनताले दुख पाएको र मालसामानको मूल्य पनि बढेको बताउनुभयो। बझाङमा भूकम्प प्रभावितहरूको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले संविधान दिवसको दिन फौजदारी अपराधमा संलग्न व्यक्तिहरूलाई कैद माफी दिएर संविधान र कानुनको वर्खिलाप गरेको बताउनुभयो। बझाङ भुकम्प प्रभावितहरूको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। देशमा भड्किएको साम्प्रदायिक हिंसाको सरकारले समुचित समाधान गर्नुपर्ने बताउनुभयो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला, बालबालिका र ज्येष्ठ नागरिकको क्षेत्रमा जिम्मेवार रुपमा कार्य गर्न नसकेको बताउनुभयो।

**माननीय गोपाल भट्टराई**ले देशमा साम्प्रदायिक र धार्मिक सद्भाव भड्किने गतिविधि भइरहेको, जाजरकोट बझाङ भुकम्पबाट प्रभावित भएको र यातायातसँगको सम्पर्क टुटेको बताउनुभयो। संविधान दिवसको दिन तीनवटै अदालतबाट फौजदारी अभियोगमा दोषी ठहर भएको व्यक्तिले आम माफी पाउनु गलत भएको बताउनुभयो। वर्तमान समयमा शृङ्खलाबद्ध रुपमा डाक्टरमाथि आक्रमण हुने घटनाले डाक्टरहरू असुरक्षित भएको र कानुन कार्यान्वयनका लागि डाक्टरले आन्दोलन गर्नुपर्ने अवस्था देखापर्नु गलत भएको बताउनुहुँदै यसको दीर्घकालीन असर पर्ने बताउनुभयो। यसका लागि सरकारले जवाफदेहिता निर्वाह गर्नुपर्ने बताउनुभयो।

**माननीय जग प्रसाद शर्मा**ले नेपालको राजनीतिक दलहरूको सन्दर्भमा केही प्रश्नहरू उठेको बताउनुहुँदै राजनीतिक दलहरूको विकल्प दलहरू नै हुने बताउनुभयो। दलको विकल्प राणा, राजा वा महाराजा हुन

नसक्ने बताउनुभयो। परिवर्तन प्रकृया गलत र उपलब्धि सही हुन नसक्ने बताउनुहुँदै उपलब्धिलाई आत्मसात् गर्ने हो भने प्रकृयालाई पनि स्वीकार गर्नुपर्ने बताउनुभयो। नेपाल स्रोत र साधनले सम्पन्न हुँदाहुँदै पनि आर्थिक रुपमा सक्षम बाटो समात्न नसकिरहेको र राष्ट्रिय महत्वका विषयहरूमा दलहरू एक ठाउँमा उभिनुपर्नेमा जोड दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै राष्ट्रपतिको कार्यालयबाट कार्यभार तोकिएको सम्बन्धी देहायबमोजिमको पत्रको ब्यहोरा सभा समक्ष जानकारी गराउनुभयोः

**"विषयः कार्यभार तोकिएको सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल “प्रचण्ड” ज्यू संवत् २०८० साल भदौ ३० गते शनिबार संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्रसंघको ७८ औं महासभामा सहभागी हुन र तत्पश्चात जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणको शिलशिलामा नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले वहाँको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्नुहुने दैनिक प्रशासनिक कार्य नेपालको संविधान बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा **माननीय उपप्रधानमन्त्री एवं रक्षा मन्त्री पूर्ण बहादुर खड्काज्यू**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(डिल्ली राम शर्मा)

सचिव

२०८०/०५/२९”

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रहरू प्राप्त हुन आएको जानकारी गराउनुहुँदै उक्त पत्रहरूको ब्यहोरा क्रमशः जानकारी गराउनुभयोः

**"विषयः कार्यभार तोकिएको सम्बन्धमा।**

(क) **माननीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर बस्नेत** इजिप्टको कायरोमा आयोजना हुने ग्लोबल कङ्ग्रेस अन पपुलेशन हेल्थ एण्ड डेभलप्मेन्ट ( पी एच डी सी ट्वेन्टी थ्री ) विषयक सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ १८ गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०५/१७"

(ख) **माननीय शहरी विकास मन्त्री सिता गुरुङ** नेदरल्याण्ड्समा आयोजना हुने बि एन जी बैंकको पूर्वाधार लगानीसम्बन्धी कार्यक्रममा सहभागी हुन संवत् २०८० साल भदौ २४ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको शहरी विकास मन्त्रालयको कार्यभार

सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाल**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०५/२२"

(ग) "**माननीय परराष्ट्र मन्त्री नारायण प्रकाश साउद** न्यूयोर्कमा आयोजना हुने संयुक्त राषट्रसंघको पीस बिल्डिङ्ग कमिसनको कार्यक्रममा प्रतिनिधित्व गर्न संवत् २०८० साल भदौ २६ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

(घ) **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल** क्युवाको हवानामा आयोजना हुने ग्रुप अफ सेभेन्टी सेभन एण्ड चाइना शिखर सम्मेलनमा सहभागी हुन संवत् २०८० साल भदौ २७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट **माननीय उपप्रधानमन्त्री एवं गृह मन्त्री नारायणकाजी श्रेष्ठ**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०५/२६"

(ङ) "**माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत** इजिप्टको शार्म एल शेखमा आयोजना हुने एसियाली पूर्वाधार लागानी बैंकको बोर्ड अफ गभर्नर्सको आठौं वार्षिक बैठकमा अस्थायी गभर्नरको रूपमा सहभागी हुन संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकाले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको अर्थ मन्त्रालयको कार्यभार र माननीय परराष्ट्र मन्त्रीको अनुपस्थितिमा माननीय अर्थ मन्त्रीले सम्हाल्दै आउनु भएको परराष्ट्र मन्त्रालयको कार्यभारसमेत माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङ**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(च) **माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला** सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट **माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसाल**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(छ) **माननीय खानेपानी मन्त्री महिन्द्र राय यादव** सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा हुने जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणमा सहभागी हुन संवत् २०८० साल असोज ७ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको खानेपानी

मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट **माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी**ले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(बैकुण्ठ अर्याल)

मुख्यसचिव

२०८०/०६/०४"

(ज) **"माननीय युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बु** मित्र राष्ट्र चीनको होङझाओ शहरमा आयोजना हुने १९ औं एशियाली खेलकुद प्रतियोगितामा नेपालको तर्फबाट सहभागी हुने प्रतिनिधिमण्डलको नेतृत्व गर्दै संवत् २०८० साल असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको युवा तथा खेलकुद मन्त्रालयको कार्यभार माननीय कार्यवाहक प्रधानमन्त्रीज्यूबाट **माननीय शहरी विकास मन्त्री सिता गुरुङले** सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(एकनारायण अर्याल)

निमित्त मुख्यसचिव

२०८०/०६/०५"

त्यसपछि सम्माननीय अध्यक्षले **"विधायन सम्बन्धी विधेयक, २०८०"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनुहुँदै **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई "विधायन सम्बन्धी विधेयक, २०८०"** सभा समक्ष पेस गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त विधेयक सभा समक्ष पेस गर्नुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **सोहि दिन १६ मिनेट पछि** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव